# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।११।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

श्री युवा प्राथमिक विद्यालय, गोइठी टिकुलिया, महोत्तरीका शिक्षिका पवन देवीले नक्कली स्थायी अध्यापन अनुमतिपत्र बनाई पेश गरी सोही आधारमा राहत महिला शिक्षक अनुदानमा नियुक्ति लिएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज पवनदेवी यादव भन्ने पवन देवीले मिति २०६७।०६।१३ देखि मिति २०७६।०२।०६ सम्म प्राथमिक तहको झुठ्ठा एवं नक्कली स्थायी अध्यापन अनुमति-पत्रको आधारमा नियुक्ति लिई श्री युवा प्राथमिक विद्यालय, गोइठी टिकुलिया महोत्तरीमा प्राथमिक तहको अस्थायी राहत महिला शिक्षिकाको रुपमा अध्यापन गरी सरकारी सुविधा तथा लाभसमेत लिएको देखिंदा निजको निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिएको हुँदा निज पवन देवी यादव भन्ने पवन देवीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला